# आर्थिक वर्ष २०८१/०८२ को
# बजेट (संक्षिप्त)

लमही नगरपालिका, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०८१

# लमही नगरसभामा मिति २०८१ आषाढ १० गते सोमबार
# उप प्रमुख श्री लक्ष्मी योगीले
# प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८१/०८२ को
# बजेट (संक्षिप्त)

लमही नगरपालिका, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०८१

**पन्ध्रौं नगरसभाका सम्मानित अध्यक्ष महोदय,**

**सम्मानित सदस्य ज्यूहरु,**

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

यस सम्मानित नगसभा समक्ष लमही नगरपालिकाको नगर उप-प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटको खाका प्रस्तुत गर्न उपस्थित भएको छु ।

सर्वप्रथम लोकतन्त्र प्राप्ति, गणतन्त्र स्थापना साथै देश र जनताको निमित्त आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गर्दछु ।

संविधानले निर्देश गरेको मार्गदर्शनमा रहि शिक्षा, स्वास्थ्य, कृषि, पशु, रोजगार तथा गरिबीको रेखामुनि रहेका र विभेदमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जाति र समुदाय लगायत सबै नागरिकको विकास र समृद्धि पथको आकाङ्क्षा सम्बोधन गरि स्थानीय क्षेत्रको मनोबल उच्च पार्दै दिगो र समाबेसी लाभ सहित आगामी बजेट केन्द्रित गरिएको छ ।

चालु आर्थिक वर्षको अन्त्यतिर आईपुग्दा धेरै महत्वपूर्ण कामहरु सम्पन्न भएका छन् भने केहि कामहरु सम्पन्न हुने प्रकृयामा रहेका छन् । मुलुकको अर्थतन्त्रमा देखिएको समस्या र चुनौतिको प्रभाव यस नगरपालिकामा समेत परेकाले नगरवासीको साथ, सहभागिता र सहयोगले समस्या र चुनौतिको सामना गर्दै नगरवासीहरुले पाउने सेवा, सुविधा र सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, भरपर्दो र पारदर्शी बनाउन हामी हरपल प्रयत्नरत रहनेछौं ।

बजेट तर्जुमा गर्दा नेपालको संविधान, संघीय सरकारको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम, लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन, आर्थिक ऐन, आर्थिक विधेयक, कार्यपालिका सदस्य र नगर सभाका सदस्यहरु साथै विभिन्न राजनीतिक दलका पदाधिकारीहरु, संघ सस्था, बुद्धिजिवि, नागरिक समाज, व्यवसायी, नागरिकहरुबाट प्राप्त सुझावहरुलाई यथासम्भव मार्गदर्शनको रुपमा लिएका छौं ।

**अध्यक्ष महोदय,**

**सदस्य ज्यूहरु,**

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

**अव म लमही नगरपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को वार्षिक आर्थिक गतिविधि तथा  कार्यान्वयन अवस्थाको समीक्षा प्रस्तुत गर्न चाहन्छु ।**

चालु आर्थिक वर्षमा यस लमही नगरपालिकाको लागी

१. संघीय सरकारको समानीकरण अनुदान तर्फ रु. १३ करोड ७५ लाख,

२. संघिय सरकार राजश्व बाँडफाँड रकम रु. १३ करोड २४ लाख २९ हजार,

३. संघीय सरकार समपुरक अनुदान रकम तर्फ रु. ५० लाख

४. संघिय सरकार सशर्त अनुदान रकम रु. २४ करोड १३ लाख,

५. प्रदेश वित्तीय समानिकरण अनुदान रु. १ करोड ३ लाख ३९ हजार.

६. प्रदेश शसर्त अनुदान रु. १ करोड १९ लाख,

७. प्रदेश सरकार समपुरक अनुदान रु. १ करोड ५० लाख,

८. आन्तरिक आय तर्फ रु. २३ करोड २१ लाख,

९. बैंक मौज्दात रु. ५ करोड गरि जम्मा रु. ८५ करोड ४५ लाख ७६ हजार ८ सय १९ रुपैंया कुल बजेट विनियोजन गरेका थियौं ।

१०. चालु आर्थिक वर्षमा आन्तरिक आय तर्फ २३ करोड २१ लाख प्रक्षेपण गरिएकोमा आषाढ ९ गते सम्म जम्मा रु. ५ करोड १२ लाख ९८ हजार ९१ मात्र संकलन भएको छ । जुन कुल प्रक्षेपणको जम्मा २२ प्रतिशत मात्र हुन आउछ ।

**अव म चालु आर्थिक वर्षमा हालसम्म भएका मूख्य उपलब्धिहरु छोटकरीमा प्रस्तुत गर्न चाहन्छु ।**

११. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न विषयमा शिक्षक तालिम सञ्चालन, पालिकास्तरीय परीक्षा सञ्चालन, विज्ञान प्रयोगशाला र ICT LAB स्थापना जस्ता कार्य गरिएको छ भने सूचना प्रविधिमैत्री शिक्षण सिकाइका लागि स्मार्ट बोर्ड खरिद प्रक्रिया अगाडी बढाइएको छ।

१२. स्थानीय आवश्यकतालाई समेट्ने गरी तयार गरिएको स्थानीय पाठ्यक्रम (कक्षा १ देखि ८) कार्यान्वयन गर्ने सन्दर्भमा थप शिक्षक निर्देशिका तथा सन्दर्भ सामग्री विकास भइरहेको छ । खेलाडीको भूमिकालाई सवल सक्षम र प्रभावकारी बनाउन विद्यालय स्तरीय खेलकुद प्रतियोगिता एवं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन भईरहेको छ ।

१३. कक्षा छाड्ने दर घटाई विद्यालय र पढाईप्रतिको लगाव बढाउन विपन्न परिवारका २०० विद्यार्थीहरुका लागि पोशाक, स्टेशनरी जस्ता सामग्रीहरु उपलब्ध गराइएको छ । कक्षा ६ देखी १२ सम्मका छात्राहरुको लागि निशुल्क रुपमा स्यानिटरी प्याड वितरण जस्ता कार्यहरु शिक्षा शाखाबाट सञ्चालन भईरहेका छन् ।

१४. स्वास्थ्य शाखा अन्तर्गत लमही नगरपालिका भित्रका जेष्ठ नागरिकहरुलाई उनीहरुको घरदैंलोमा पुगी स्वास्थ्य परिक्षण गर्ने र निःशुल्क उपचार एवं परामर्श सेवा उपलब्ध गराउने कार्य निरन्तर भईरहेको साथै ७२ जना महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुलाई स्वास्थ्य सम्बन्धी तालिम संचालन गरिएको छ ।

१५. लमही नगरपालिकाका २७ वटा सामुदायिक विद्यालयहरुमा अत्यावश्यक औषधि एवं सामाग्री सहित प्राथमिक उपचार किट बक्स उपलब्ध गराएको छ भने लमही अस्पतालमा सिकलसेल एनिमिया र थालासेमिया रोगको निदानका लागि रक्त परिक्षण गर्ने मेशिन जडान गरी संचालनमा आएको छ ।

१६. कृषि शाखा अन्तर्गत माटोको नमुना लिने तालिम तथा माटो परिक्षण शिविर कार्यक्रम सञ्चालन गरिएको छ । साथै धानको उन्नत बीउ वितरण गरिएको छ । र कृषि उपजको उपयुक्त बजार व्यवस्थापनको लागि कृषक र व्यवसायी बिच अन्तर्कृया कार्यक्रम मार्फत दीगो बजार व्यवस्थापनको विषयमा छलफल गरिएको छ ।

१७. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत हाल सम्म संचालन भएका विभिन्न वडाहरुमा ४० वटा कार्यक्रम संचालन गरी कुल ९ सय ६१ जना बेरोजगार व्यक्तिलाई न्यूनतम १०० दिनको रोजगारी प्रदान गरिएको छ साथै उक्त केन्द्रवाट १०६ जनालाई श्रम स्वीकृतीको नवीकरण गरिएको छ।

१८.	महिला बालबालिका शाखा अन्तर्गत ८१ जना अपांगता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण गरिएको साथै सामाजिक क्षेत्रमा महत्वपुर्ण योगदान दिने ११ जना जेष्ठ नागरिकहरुलाई सम्मान गरिएको छ। भने स्थानीय कला संस्कृतिको संरक्षणको लागि बाद्यबादन साम्रागी वितरण गरिएको छ । १८ वर्ष भन्दा मुनिका अपांगता भएका बालबालिकाहरुको पहिचान गरि सहायक सामाग्रीको आवश्यकता भएकाहरुलाई सहायता साम्रागी वितरण गरिएको छ ।

१९.	जनता संग मेयर तथा उपमेयर कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गरिनुको साथै सहकारी तथा संघसंस्थाहरुलाई विविध विधामा तालिमहरु प्रदान गरिएको छ ।

२०.	योजना शाखा अन्तर्गत वडा नं. १ देखि ९ सम्म जम्मा १४४ वटा पूँजिगत योजना तथा कार्यक्रम रहेकोमा ९१ वटा योजना तथा कार्यक्रमहरु सम्झौता गरिएको छ । हाल सम्म १० वटा योजना तथा कार्यक्रमहरुको भुक्तानी भईसकेको छ भने बाँकी सञ्चालनको अन्तिम चरणमा रहेका छन् ।त्यसैगरि शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत सबै वडामा जम्मा ७० वटा आयोजना सञ्चालन गरि भुक्तानी समेत भईरहेको छ ।

२१. सहकारी संस्थाहरुको विनिमय संशोधन, पुनर्लेखन, अनुगमन, मुल्याङ्कन तथा चौमासिक बैठक बसि विविध कार्यहरु गरिएको छ ।

२२.	विपद् व्यवस्थापन शाखा अन्तर्गत छाडा चौपाया ब्यवस्थापन गर्न निर्माण गरिएको रिहार गौशाला आर्थिक उपार्जन गरि आत्म निर्भरको दिशामा अघि बढेको छ ।

२३. अजम्बरी सामुदायीक वनको खाली क्षेत्रमा खुला व्यामशाला स्थापना भई सञ्चालनमा आएको छ ।

२४.	मिति २०८० साल कार्तिक १७ गते जाजरकोट केन्द्रबिन्दु बनाइ आएको भुकम्प पिडितहरूको लागि ३ लाख बराबरको राहत सामग्री, राजपुर ७ हाटवासकका अग्नि पिडितहरूको लागी १ लाख २५ हजार नगद सहयोग र लमही न.पा.का विभिन्न प्रकारका जम्मा ६ जना विपद पिडितहरूको लागि सहयोग स्वरुप रू. १ लाख २० हजार नगद रकम हस्तान्तरण गरिएको छ ।

२५.	हाल सम्म २ सय २३ भूमिहिन दलित, १ हजार ३ सय २१ भूमिहिन सुकुम्बासी र ६ हजार २ सय १८ अव्यवस्थित बसोबासी गरी जम्मा ७ हजार ७ सय ६३ घरधुरीको लगत संकलन र निस्सा वितरण कार्य सम्पन्न भएको छ ।

२६. लमही नगरपालिकाको वडा नं.३,४,५,६,७,८ र ९ मा (७२४.१६ हेक्टर) जग्गा नापजाँच तथा नक्सा बनाउने कार्य सम्पन्न भएको छ ।

२७. गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत नयाँ उद्यमी सिर्जना तर्फ विभिन्न वडामा अभिमुखीकरण कार्यक्रम, सहभागितात्मक ग्रामिण लेखाजोखा (PRA) कार्यक्रम, समुह निर्माण कार्यक्रम, उद्यमशिलता विकास तालिम, सिप विकास तालिम, लघु बित्तमा पहुँच, दुना टपरी तालिम, होजियारी सिप विकास तालिम जस्ता कार्यक्रम सञ्चालन गरिएको छ भने तालिम लिएकाहरुलाई व्यवसायिक बनाउन प्रबिधि हस्तान्तरण कार्यक्रम अन्तर्गत विभिन्न वडामा दुना टपरि मेसिन र होजियारी मेसिन प्रदान गरिएको छ जसबाट सिप सिकेकाहरुको आर्थिक उन्नति हुने कुरामा विश्वास लिएका छौं ।

२८. सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत लमही नगरपालिका भित्र वैदेशिक रोजगारमा जान चाहने सम्भावित २६२ जना कामदारलाई गहन अभिमुखीकरण, वडा स्तरीय सामुदायिक अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्दै वैदेशिक रोजगारबाट विप्रेषण प्राप्त गर्ने घरका परिवार मध्ये १०० जनालाई वित्तीय साक्षरता र मनोसामाजिक परामर्श कक्षा सम्पन्न गरि प्रमाणपत्र वितरण गरिएको छ ।त्यसको साथसाथै बैदेशिक रोजगार सम्बन्धि तथ्यांक व्यवस्थित गर्न र पार्श्व चित्र निर्माणको लागि वडा तथा पालिका स्तरीय संजाल गठन गरि सवलिकरण गर्ने काम सम्पन्न गरिएको छ |

अध्यक्ष महोदय,

सदस्य ज्यूहरु,

उपस्थित सम्पूर्ण महानुभावहरु,

अब म यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट सिमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| क्र.स | विवरण | श्रोत | आगामी आ.व.2081/ 082को लक्ष्य |
|---|---|---|---|
| १ | संघिय सरकार | समानिकरण अनुदान | १४ करोड ६ लाख |
| २ | संघिय राजश्वबाँडफाँड | राजश्वबाँडफाँड | १४ करोड ६लाख |
| ३ | संघीय सशर्त अनुदान | सशर्त चालु तर्फ | २३ करोड ३२ लाख ५ हजार |
| ४ | | पुँजिगत तर्फ | १० करोड ३६ लाख |
| ५ | संघीय सरकार समपुरक | समपुरक अनुदान | १ करोड ५० लाख |
| ६ | संघिय सरकार रोयल्टी | रोयल्टी (वन,विद्युत तथा खानी) | - |
| ७ | प्रदेश सरकार | समानिकरण अनुदान | ९९ लाख २ हजार |
| ८ | प्रदेश सरकार सशर्त | सशर्त अनुदान | ११ करोड ९६ लाख २ हजार |
| ९ | प्रदेश समपुरक | समुरक अनुदान | १० लाख ५ हजार |
| १० | प्रदेश राजश्वबाँडफाँड(सवारी साधन कर) | राजश्वबाँडफाँड (सवारी साधन कर) | १७ करोड ६९ लाख ५ हजार |
| ११ | प्रदेश सरकार | रोयल्टी | - |
| १२ | आन्तरिक श्रोत | आन्तरिक | ८ करोड १४ लाख ५५ हजार |
| १३ | राजश्वबाँडफाँड- स्थानीय | बाँडफाँड भइ प्राप्त हुने राजश्व | ६ करोड |
| १४ | बैंक मौज्दात | बैंक मौज्दात | २ करोड |
| १५ | लमही अस्पताल आन्तरिक तर्फ | आन्तरिक | १ करोड १० लाख |
| | जम्मा | | ८४ करोड ५१ लाख २४ हजार |

अब म यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट सिलिङ प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| आर्थिक वर्ष २०८१/८२ को लागि निर्धारित बजेट सिमा | | |
|---|---|---|
| क्र.सं. | विषयगत शाखा / क्षेत्र | रकम रु. |
| १ | प्रशासनीक खर्च | १५ करोड |
| २ | भुक्तानी बाँकी | ४ करोड ५० लाख |
| ३ | समपुरक कोष | ३ करोड |
| ४ | क्रमागत आयोजना | ४ करोड |
| ५ | शिक्षा युवा तथा खेलकुद शाखा | ३ करोड |
| ६ | स्वास्थ्य शाखा | ५० लाख |
| ७ | कृषि शाखा | ७० लाख |
| ८ | पशु सेवा शाखा | ५० लाख |
| ९ | विपद् व्यवस्थापन तथा सरसफाई शाखा | २५ लाख |
| १० | न्यायिक समिति | १० लाख |
| ११ | विपद् व्यवस्थापन कोष | ७७ लाख ६७ हजार |
| १२ | पूर्वाधार शाखा | ४ करोड ५० |
| १३ | योजना शाखा | ५ लाख |
| १४ | लमही अस्पताल | १ करोड |
| १५ | आयुर्वेद शाखा | १५ लाख |
| १६ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | २५ लाख |
| १७ | उपभोक्ता तथा हित संरक्षण शाखा | ५ लाख |
| १८ | सूचना तथा संचार प्रविधि शाखा | ५ लाख |
| १९ | जनतासँग मेयर कार्यक्रम | ६५ लाख |
| २० | जनतासँग उपमेयर कार्यक्रम | ५५ लाख |
| २१ | सुशासन तथा संस्थागत विकास शाखा | ५ लाख |
| २२ | सहकारी शाखा | ५ लाख |
| २३ | लघु उद्यम विकास कार्यक्रम | १० लाख |

| | | |
|---|---|---|
| २४ | राजश्व शाखा | ५ लाख |
| २५ | सामी कार्यक्रम | १० लाख ८५ हजार |
| २६ | भुमी व्यवस्थापन शाखा | ७ लाख |
| २७ | लमहि नगरपालिका वडा नं. १ | ७८ लाख |
| २८ | लमहि नगरपालिका वडा नं. २ | ७८ लाख |
| २९ | लमहि नगरपालिका वडा नं. ३ | ७८ लाख |
| ३० | लमहि नगरपालिका वडा नं. ४ | ७८ लाख |
| ३१ | लमहि नगरपालिका वडा नं. ५ | ७८ लाख |
| ३२ | लमहि नगरपालिका वडा नं. ६ | ७८ लाख |
| ३३ | लमहि नगरपालिका वडा नं. ७ | ७८ लाख |
| ३४ | लमहि नगरपालिका वडा नं. ८ | ७८ लाख |
| ३५ | लमहि नगरपालिका वडा नं. ९ | ७८ लाख |
| ३६ | लमही अस्पताल आन्तरिक-श्रोत तर्फ | १ करोड १० लाख |
| | **कुल जम्मा रकम रु.** | **४८ करोड १२ लाख ५२ हजार** |

**अध्यक्ष महोदय,**

**सदस्य ज्यूहरु,**

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

चालु आर्थिक वर्षमा लमही नगरपालिकाको आन्तरिक राजश्व लक्ष्य भन्दा कम संकलन भएको छ जसले गर्दा लक्ष्य अनुरुप आर्थिक वृद्धिदर हासिल गर्नु चुनौतिपूर्ण देखिएको छ ।

नदि नाला लगायत अन्य प्राकृतिक स्रोत साधनको चोरी निकासी र राजश्व छली जस्ता समस्याहरु हाम्रो लागि अत्यन्त चुनौतिपूर्ण रहेतापनि सिमित स्रोत र साधनको उच्चतम सदुपयोग गरि हाम्रा प्राथमिकता योग्य कार्यक्रमहरु सञ्चालन गर्न सबैको सहकार्यबाट आगामी दिनहरुमा लक्ष्य अनुरुप कार्य गर्न सक्षम हुनेछौं भन्ने विश्वास पनि लिएको छु।

**अब म आर्थिक वर्ष २०८१/८२ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- **"हाम्रो विद्यालय राम्रो विद्यालय"** भन्ने अभियान सञ्चालन गर्दै निजी स्रोत शिक्षकको व्यवस्थापन, विपन्न बालबालिकाको लागि शैक्षिक सामाग्री सहयोग, गरिव तथा जेहेन्दार विद्यार्थीहरुको लागि उच्च शिक्षामा छात्रवृद्धि, निजी र सामुदायिक विद्यालयका शिक्षकबिच अन्तर शिक्षण कार्यक्रम रुपमा अगाडी बढाउने,
- मेयर संग जेष्ठ नागरिक घरदैलो कार्यक्रम र उपमेयर संग आमा कार्यक्रम नियमित गर्दै आधुनिक उपकरण सहित सहज, शुलभ र गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउने ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्दै आधुनिक प्रविधि मार्फत एक वडा एक उत्पादन नीतिलाई कार्यान्वयन गरि कृषिमा आत्मनिर्भर हुनेतर्फ अग्रसर हुने,
- पशु चौपायाको नश्ल सुधार गर्दै अण्डा, माछा, मासु र दुधमा आत्मनिर्भर बनाउन तर्फ अग्रसर हुने र पशुपंछि पालक कृषकलाई व्यवसायिक बनाउन पशु सेवा केन्द्र विस्तार गर्ने,
- एकिकृत शहरी विकास योजना अभियान अन्तर्गत बालमैत्री, अपाङ्गमैत्री पूर्वाधार निर्माण गरि पूर्वाधार निर्माणलाई दीगो विकास मैत्री बनाउने,
- स्थानीय स्तरमा उपलब्ध साधन स्रोत, श्रम शक्ति, पुँजी, प्रविधिको एकिकृत परिचालन गरि बैदेशिक रोजगारबाट फर्केकाहरुलाई व्यवसायमा अग्रसर हुने खालका कार्यक्रम सञ्चालन गर्ने,
- नगरपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा सुविधालाई पारदर्शी, जवाफदेही र प्रविधिमैत्री बनाउदै सामाजिक, आर्थिक, सेवा क्षेत्र र पूर्वाधार विकास मार्फत नगरलाई समृद्धि तर्फ अग्रसर हुने,

**आर्थिक वर्ष २०८१/८२ को बजेटका प्राथमिकताहरु निम्नानुसार प्रस्तुत गर्न चाहन्छु ।**

१. संघीय कानूनको मातहतमा स्थानीय सरकार सञ्चालन सम्बन्धी आवश्यक कानून निर्माण गरि सोहि अनुरुप कार्यक्रमहरु सञ्चालन गर्ने,

२. भौतिक पूर्वाधार विकासका साथै सामाजिक, आर्थिक, लगायत सम्पूर्ण क्षेत्रमा नागरिकले प्रत्यक्ष अनुभुति गर्न सक्ने गरि कार्य गर्ने,

३. शैक्षिक क्षेत्रको गुणस्तर कायम गर्न सिकाई संगसंगै जिवन उपयोगी सिप तथा कृयाकलाप सञ्चालन गर्दै लैजाने,

४. स्वास्थ्य क्षेत्रमा आम नागरिकको सहज पहुँचको लागि लमही अस्पताललाई स्तरोन्नति गर्दै, सर्पदंश केन्द्र, रक्तसञ्चार केन्द्र र प्रयोगशालाको स्तरउन्नति गर्ने,

५. कृषि र पशुपालनलाई आधुनिक प्रविधि संग जोड्दै स्थानीय उत्पादनलाई प्रोत्साहन गरि उचित बजारिकरणको व्यवस्था गर्ने,

६. वातावरण संरक्षण गर्दै विपद् व्यवस्थापन र जलवायु परिवर्तनबाट हुने जोखिम न्यूनिकरण गर्दै विपद् जोखिमबाट तत्काल उद्धार र राहतको लागि विशेष तयारी गर्ने ।

७. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शि, जवाफदेही, चुस्त र सुशासनयुक्त बनाउने ।

**अध्यक्ष महोदय,**

**सदस्य ज्यूहरु,**

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

यो बजेट निरन्तरताको साथै अनुमोदनको लागि नगरसभा समक्ष पेश गर्दछु ।

नमस्कार ।